# बाइबलीय प्रवचन

# BIBLICAL SERMON

BY REV. DR. MANGAL MAN MAHARJAN

वर्ष ११, अंक १०

Yr. 11, Vol. 10

१०

**१ तिमोथीको पुस्तक**

**१:१ देखि ३:१३ सम्म**

१. झुटो शिक्षकहरूका विरूद्धमा चेतावनी

२. ख्रीष्ट येशूको अनुग्रह हामीले अनुभव गर्नुपर्छ

३. मण्डलीको आराधना सेवाका विधिहरू

४. पास्टर वा बिसप वा एल्डर र डिकनको चरित्र वा गुणहरू




सफल जीवनको रहस्य



# यो बाइबलीय प्रवचनको आवश्यकता किन?

बाइबल आफैमा एउटा स्पष्ट र सिद्ध धर्मशास्त्र हो, जसका बारेमाबा धैरै व्याख्या विश्लेषण गरिरहनु आवश्यक पर्दैन । तर यो जतिको सरल र स्पष्ट छ, त्यतिकै विशाल अनि बुझ्नलाई कठिन पनि छ । यस बाइबलको बारेमा बुझ्न र बुझाउन धेरै मानिसहरूले आफ्नो जीवनको अधिकांश समय बिताएका छन् । नेपालमा पनि अहिले परमेश्वरको अनुग्रहले प्रशस्तै बाइबल स्कुल र कलेजहरू स्थापना भएका छन् र त्यहाँ पनि बाइबलकै बारेमा सिकाउने काम गरिन्छ । यो बाइबल बुझ्न सक्ने र यसका बारेमा बुझेर शिक्षा दिने मानिसहरूको भने नेपालका ख्रीष्टियन मण्डलीहरूमा धेरै नै कमि देखिन्छ । एकातिर दिन प्रतिदिन मण्डलीहरू बृद्धि हुँदैछन् भने अर्कोतिर बाइबलको शिक्षालाई बिगारेर आफ्नो मनपरी शिक्षा सिद्धान्त सिकाउने व्यक्तिहरूको प्रतिवाद गरी आफ्ना विश्वासीहरूलाई सही मार्गमा डोऱ्याउने पास्टर अगुवाहरूको पनि कमि नै छ भन्दा अतियुक्ति नहोला । वचनको सेवकाइ गर्ने इच्छा, बोझ दर्शन भएका विश्वासीहरू थुप्रै छन् । तर त्यसलाई ठीक प्रकारले सिकाउन सक्ने व्यक्तिहरू भने हाम्रा मण्डलीहरूमा एकदमै कम मात्रामा पाइन्छन् । कति विश्वासीहरूलाई बाइबलीय प्रवचन कसरी तयार गर्ने भन्ने तौर तरीका पनि थाहा छैन । मण्डलीमा भएका वचनका सेवकाइ गर्न इच्छा राख्ने अगुवाहरूलाई केही हदसम्म भए पनि सिकाउन सक्षम बनाई विश्वासीहरूको आत्मिक खाँचोलाई पूरा गर्ने यो बाइबलीय प्रवचनको मुख्य उद्देश्य हो । कतिपटक हामीले सुनेका वचनहरू कालान्तरमा विर्सन सक्छौं । तर हामीसँग लिखित प्रवचन छ भने विभिन्न समयमा त्यसलाई हेर्न सकिन्छ र अरुलाई पनि यसबाट सिकाउन सक्छौं । यसकारण पनि यस प्रकारको लिखित बाइबलीय प्रवचनको खाँचो भएको महसुस गरिएको हो र विभिन्न मण्डलीहरूका सम्पूर्ण सेवक-सेविकाहरू यसबाट लाभान्वित हुनुहुनेछ । यसले यहाँहरूको आत्मिक उन्नति र वचनको सेवकाइमा धेरै नै सहायता पुऱ्याउने छ भन्ने विश्वासकासाथ यहाँहरू समक्ष प्रस्तुत प्रवचन लिएर उपस्थित भएको छु ।

यो प्रवचन मण्डलीका सम्पूर्ण विश्वासीहरूका लागि पनि हो र विशेष गरी वचनको सेवकाइ गर्ने पास्टर-अगुवाहरूका लागि हो । यो हाम्रा मण्डलीहरूको आत्मिक खाँचोलाई पूर्ति गर्न सहयोगी बनोस् भनेर तयार गरीएको हो । यसकारण सबै मण्डलीका पास्टर अगुवाहरूले यस प्रवचनलाई कुनै संकोच नमानी चलाउन सक्नुहुनेछ । यस अघिका सबै प्रवचनहरू पाइरहनु भएकै होला भन्ने विश्वास लिएको छु । केही सल्लाह सुझाव भएमा पठाउन नभुल्नुहोला । अब यो प्रवचन एघारौ बर्षको अंक ४ मा आइपुगेको छ र यसको निरन्तर प्रकाशनको लागि यहाँहरूले प्रार्थना गरीदिनुहोला, धन्यवाद ।

*पास्टर मंगलमान महर्जन*

**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डली**
**KOINONIA PATAN CHURCH**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल ।
P.O. Box No. 2415, Kathmandu, Nepal
Tel.: +977-01-5433842, 01-5433564; E-mail: patanchurch@gmail.com

# १ तिमोथी
# 1 Timothy

**लेखक : पावल**

**पाठक : तिमोथी**

**उद्देश्य** : तिमोथीलाई उनको व्यक्तिगत जीवनका लागि अर्ती दिन र उत्साह दिनको निम्ति यो पत्र लेखेको हो । झुटो शिक्षाबाट जोगिन पनि अर्ती दिनलाई लेखेको हो । मण्डलीका विविध विषयहरू र एफिससमा भएका समस्याहरूको बारेमा शिक्षा दिनका लागि पनि लेखेको हो ।

**मिति** : ६४-६५ इ.सं.

**पृष्ठभूमि** : तिमोथी लुस्त्रा (LUSTRA) भन्ने सहरका एक जना जवान मानिस थिए । उनी पावलका प्रिय साथी र सहयोगी थिए (प्रेरित १६:१-४) । उनलाई पावलले उनको प्यारो बालक वा छोरा भनी सम्बोधन पनि गरेका छन् (१ तिमोथी १:२) ।

बाइबल विद्वान्हरूको भनाइअनुसार पावल रोममा २ वर्ष जति आफ्नै डेरामा कैदी भएर (नजरबन्दमा) बसेपछि पावलले १-२ वर्षका लागि छुटकारा पाएका थिए । त्यही मौकामा पावल फेरि प्रचार गर्न विभिन्न ठाउँमा पुगे । यो पत्र लेख्नुभन्दा पहिले पावलले तिमोथीलाई एफिसीमा त्यहाँको मण्डलीमा अगुवाइ गर्न पठाएका थिए (१ तिमोथी १:३) । तर पावल माकेडोनिया गएका थिए । तिमोथीको पत्र पावलले माकेडोनियाबाट नै लेखेका हुन् । पछि पावललाई फेरि समातेर रोमको जेल लगेका थिए ।

# १. झुटो शिक्षकहरूका विरुद्धमा चेतावनी
# Warning Against False Teachers

**(१ तिमोथी १:१–११; 1 Timothy 1:1–11)**

**परिचय (Introduction)**

पावलले तिमोथीलाई झुटो शिक्षकहरूबाट होसियार रहनू भनेर अर्ती दिएका छन् । उनीहरूलाई चेतावनी दिएर आज्ञा गरेका छन् । हामी पनि झुटो शिक्षकहरूबाट जोगिनुपर्छ । मण्डलीका मानिसहरूलाई बचाउनुपर्छ ।

१. **पावलले अनुग्रह र शान्तिको अभिवादन दिन्छन्** (**१ तिमोथी** १:१–२)
**Paul greets Timothy with Grace and Peace (1:1-2)**

पावलले आफ्नो परिचय यसरी दिन्छन्, "हाम्रो मुक्तिदाता परमेश्वर र हाम्रो आशा ख्रीष्ट येशूको आज्ञाअनुसार ख्रीष्ट येशूको प्रेरित पावलबाट विश्वासमा मेरो साँचो बालक तिमोथीलाई" पावलले ख्रीष्ट येशू आफैंले दर्शन दिएर छान्नुभएको थियो । ख्रीष्ट येशू हाम्रो मुक्तिदाता र हाम्रो आशा हुनुहुन्छ । उहाँकै नाउँमा अभिवादन दिएका छन् ।

तिमोथीलाई पावलले आत्मिक बालक वा छोराको रूपमा सम्बोधन गरेका छन् । पावलले तिमोथीलाई धेरै माया गर्थे । पावलले तिमोथीलाई परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाटको अनुग्रह, कृपा र शान्ति तिमोथीलाई दिन्छन् ।

"अनुग्रह" भनेको हामीले नपाउनुपर्ने वा पाउन नसक्ने चीज सित्तैमा पाउनु हो । हामी पापीहरू स्वर्ग जान नसक्ने, मुक्ति पाउन नसक्नेहरूलाई येशूले अनुग्रह गरीकन हामीलाई दिनुभयो । उदाहरणः जाँचमा फेल भएकाहरूलाई केही नम्बर थपेर (Grace mark) पास गरिदिनु हो ।

"कृपा" भनेकोचाहिँ ठिक उल्टो - पाउनुपर्ने चीज नपाउनु हो । उदाहरणः पापको ज्याला मृत्यु हो अथवा पाप गर्ने मान्छेले नरकको दण्ड पाउँछ । तर प्रभु

येशूको कृपाले त्यो पापको दण्ड नदिएर उद्धार गरिदिनुभयो । पापको दण्ड हटाइदिनुभयो ।

"शान्ति" प्रभु येशूको ईश्वरीय शान्ति हो । संसारबाट पाउने जस्तो क्षणिक (Temprorary) शान्ति होइन ।

**२. झुटो शिक्षकहरूलाई सच्याउनुपर्छ । (१ तिमोथी १:३–७)**
**We need to correct false teachers. (1 Timothy 1:3-7)**

पावल माकेडोनिया जाँदा तिमोथीलाई एफिससमा राखेर गएका थिए । त्यहाँ झुटो शिक्षकहरू आइरहेका थिए । झुटो शिक्षकहरूलाई हकार्न पावलले आज्ञा दिएका छन् । उनीहरूलाई कडा आज्ञा दिन वा रोक्न पावलले तिमोथीलाई आज्ञा दिएका छन् । ती झुटो शिक्षकहरूले सिकाउने विषयवस्तुहरू यसप्रकार छन् ।

*क) अनुमानका कुराहरू सिकाउँछन्*
*(Cults teach what they think)*

उनीहरूलाई निश्चित नभएको कुरामा यस्तो होला, उस्तो होला भनी अन्दाजको भरमा सिकाउँछन् । 'आकासको फल आँखा तरी मर्' भने जस्तो कुरा सिकाउँछन् ।

*ख) दन्त्य कथाहरू सिकाउने*
*(Cults teach fairy tales)*

नभए नभएको कुरा त्यतिकै बनाउने वा कथा बनाउने हो । उदाहरणः एउटा कमिलाले टोक्न आयो र कमिलालाई हमला गर्दा बाघ भएर आयो । बाघसँग लडाइँ गर्दा त पछि आफ्नो साथी पो भयो । कमिला, गधा, मान्छे सबै मान्छेकै भाषा बोल्छ । यी सब काल्पनिक कुरा मात्र हुन् । किनभने कमिला बाघ बन्दैन र बाघ फेरि तुरुन्तै मान्छे पनि हुँदैन । पशुपक्षीले मानिसको भाषा बोल्दैन ।

*ग) नटुङ्गिने वंशावलीका कथा*
*(Cults teach endless story of generations)*

यहूदीहरूका मनमा वंशावलीहरू महत्त्वपूर्ण थिएन किनभने शरीरअनुसार अब्राहामको वंश भएका कारणले "हामीले उद्धार पाएका छौं ।" भनेर तिनीहरू सोच्दथे । तर पावल भन्छन् कि, "म कुन कुलको हुँ" अर्थात् "मेरा पिता पुर्खा को

को हुन् ?" भन्ने कुरामा ध्यान लगाउनु र भरोसा राख्नु व्यर्थ हुन्छ । यस्ता कुराले असल काम उत्पन्न गराउँदैन नता मानिसलाई उद्धारमा पुऱ्याउँछ । परमेश्वरको काम अर्थात् परमेश्वरको उद्धार विश्वासद्वारा मात्र हुन्छ ।

यस्ता व्यक्तिहरूलाई ईश्वरीय तालिममा डोऱ्याउनुपर्छ । विश्वासबारे राम्रोसँग तालिम दिनुपर्छ । सत्यताको विषयमा र मुक्तिको विषयमा धेरै सिकाउनुपर्छ । हरेक विश्वासीले सत्यता पक्रिराख्न र विश्वासमा र प्रेमको काममा बढ्दै जान झुटो शिक्षाको विरोध गर्नुपर्छ ।

झुटो शिक्षा हटाउने आज्ञाको लक्ष्य ख्रीष्ट विश्वासीहरूलाई प्रेममा बढाउनु हो । सत्य सिद्धान्तहरूले मानिसहरूलाई प्रेमले भरिएको जीवन बिताउन सहायता गर्छ । ख्रीष्टियनहरूमा प्रेम पैदा हुनका लागि तीनवटा कुरा आवश्यक छन्ः शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वास । हाम्रो विश्वास झुटो शिक्षामा होइन तर ख्रीष्टमा र उहाँको सत्यतामा हुनुपर्छ । जब ख्रीष्ट येशूमा विश्वास गरिन्छ तब विश्वासीहरू शुद्ध बन्छ (यूहन्ना १५ः३;, प्रेरित १५ः९) । शुद्ध हृदयको साथसाथै हामीले असल विवेक राख्नुपर्छ । नत्रता पवित्र आत्माले हाम्रो जीवनमा काम गर्नुहुने छैन र हाम्रो प्रेम सेलाएर जानेछ ।

शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासविना मानिसहरू सत्यबाट विमुख हुन्छन् र बेठिक बाटोमा बरालिन्छन् । यस्ता व्यक्तिहरू फोस्रा तर्कहरूमा अथवा बेमतलबको गफतिर लागिरहन्छन् । जस्तैः माथि ३ र ४ पदमा उल्लेख गरेका दन्त्य कथाहरू, वंशावलीहरू, झुटो कुराहरूमा लागिरहनु । ती झुटो शिक्षकहरू व्यवस्थाका शिक्षक हुने इच्छा गर्छन् । तर उनीहरू आफैं आफूले बोलेका कुरा वा आफ्नो सिकाएको वा निर्णय गरेका कुरा आफैं बुझ्दैनन् । उनीहरूलाई सत्यको कुरा थाहा हुँदैन । यस्तो व्यक्तिहरूले मण्डलीमा गडबड ल्याउँछन् । मण्डली परिवारलाई बिगारिदिन्छ । झुटो शिक्षाका मानिसहरू भेंडाको भेषमा ब्वाँसाहरू हुन् । यस्तो व्यक्तिहरू देखि एकदम होसियारी हुनुपर्छ ।

### ३. **व्यवस्थाको उद्देश्य हामीले बुझ्नुपर्छ ।** (१ **तिमोथी** १ः८–११)

**We need to understand the purpse of the Law (1 Timothy 1:8-11)**

झुटो शिक्षाका मानिसहरूले व्यवस्थालाई बेठिकसँग आफ्नै फाइदाका लागि र आफैं माथि बसेर अधिकार चलाउनलाई प्रयोग गर्छन् । झुटो शिक्षकहरूले व्यवस्था ठिकसँग बुझेनन् । उनीहरूले व्यवस्थाको उद्देश्य नै बुझेनन् । त्यसकारण यहाँ पावलले व्यवस्थाको उद्देश्य सीधा बताइदिएका छन् । पावलले भन्छन् कि

व्यवस्थाचाहिँ पापी मानिसहरूको निम्ति हो । व्यवस्था असल मानिसको निम्ति होइन तर व्यवस्था भङ्ग गर्नेहरू र अनाज्ञाकारीहरूका निम्ति, भक्तिहीन र पापीहरू, अपवित्र र दुषितहरू, पितृघातक र मातृघातकहरूका निम्ति, ज्यानमाराहरूका निम्ति, व्यभिचारीहरूका निम्ति, पुरुषगामीहरूका निम्ति, अपहरणकारीहरूका निम्ति, झुटो बोल्नेहरूका निम्ति, झुटो गवाही दिनेहरूका निम्ति, सत्य सिद्धान्तका विरुद्धमा भएकाहरूका यस्तै अरू कुराहरूका निम्ति हो ।

परमेश्वरको व्यवस्थाले मानिसहरूको पापपूर्ण कामहरूको प्रकट गर्दछ र सचेत पनि गराउँछ । मानिसहरूले आफ्नो पापबाट छुट्कारा पाउनुपर्छ, तर पूर्ण रूपमा पाप क्षमा पाउन सकेको थिएन र सक्दैन पनि । पावलले ९-१० पदमा सबै किसिमको पापपूर्ण कामको सूची दिएका छन् । बाइबलीय ठिक सिद्धान्तको विरुद्धमा गरिने सबै कामहरू सबै व्यवस्था विरुद्ध छन् ।

पावल भन्छन् कि यो उनलाई सुम्पिएको परमधन्य परमेश्वरको महिमित सुसमाचारअनुसार हो । महिमित सुसमाचारअनुसार भनेको प्रभुले दिनुभएको ठिक सत्य सिद्धान्त भन्ने बुझिन्छ । ठिक सिद्धान्तले नराम्रो कुराको विरोध गर्छ । व्यवस्थाले नराम्रा कामको विरोध गर्छ । उदाहरणः विधान, नियम-कानुन, संविधान, ट्राफिक नियमहरू सबै नियम-कानुन भङ्ग गर्नेहरूका लागि समात्न र कारवाही गर्नको निम्ति हो । असल व्यक्तिहरूको निम्ति नियम पालना गर्नेको निम्ति व्यवस्था वा नियमले केही गर्दैन र असल व्यक्तिहरूको निम्ति वा सत्यमा चल्ने व्यक्तिहरूका निम्ति नियम कानुन, व्यवस्था चाहिँदैन ।

### निष्कर्ष (Conclusion)

पावलले झुटो शिक्षकहरूको विरुद्धमा चेतावनी दिएका छन् । हामीहरू झुटो शिक्षाबाट होसियार हुनुपर्छ । पावलले अनुग्रह र शान्तिको अभिवादन गरेका छन् ।

पावलले झुटोलाई वा झुटो शिक्षकलाई चेतावनी दिनुपर्छ र उनीहरूलाई सच्च्याउनुपर्छ, अनुमानका कुराहरू, दन्त्य कथा, वंशावलीहरूबारे सतर्क गर्नुपर्छ, यस्ता शिक्षा ठिक होइन भनी सच्च्याउनुपर्छ भनी सिकाएका छन् । हाम्रा मानिसहरूलाई पनि झुटो शिक्षाबारे होसियार बनाउनुपर्छ ।

व्यवस्थाको उद्देश्य खासमा पापीहरूलाई चेतावनी दिनलाई हो । असल व्यक्तिको निम्ति वा सत्यमा चल्ने व्यक्तिको निम्ति व्यवस्था नै चाहिँदैन । व्यवस्था खासमा पापी मानिसहरूका निम्ति हो । पापी मानिसहरूले पापपूर्ण कामहरूबाट उद्धार पाउनुपर्छ । व्यवस्थाको उद्देश्य हामीले राम्रोसँग बुझ्नुपर्छ ।

# २. ख्रीष्ट येशूको अनुग्रह हामीले अनुभव गर्नुपर्छ ।
# We need to experience the grace of Jesus Christ.

(१ तिमोथी १:१२–२०; 1Timothy 1:12-20)

**परिचय (Introduction)**

पावलले झुटो शिक्षकहरूको शिक्षाको बारेमा जानकारी गराई सकेपछि व्यवस्थाको उद्देश्यबारे पनि बुझाउँछन् । व्यवस्था दिनुपरेको कारण त्यही झुटो शिक्षकहरूलाई तह लगाउनु हो र दण्ड सजाय किटान गर्नलाई हो । खासमा सत्य काम गर्ने, असल व्यक्तिहरूको निम्ति व्यवस्था दिइएको होइन भनी बताइसकेपछि पावलले आफ्नो जीवन गवाही दिन्छन् । पावलले आफ्नो पहिलाको जीवन स्वीकार गर्छन् । तरै पनि परमेश्वरले पावललाई विश्वासयोग्य ठानी यति ठूलो सेवकाइ सुम्पिदिनुभएको छ भनी जानिकन परमेश्वरप्रति धन्यवादी हुन्छन् । ख्रीष्ट येशूको अनुग्रह पावलले अनुभव गरे । त्यस्तै हामीले पनि प्रभुको अनुग्रह अनुभव गरी धन्यवादी हुनुपर्छ ।

१. **सेवामा नियुक्त गर्नुभएको लागि पावल परमेश्वरप्रति धन्यवादी छन् ।**
   (१ **तिमोथी** १:१२–१७)
   **Paul is thankful to God for the calling in the ministry.**
   **(1 Timothy 1:12-17)**

ख्रीष्ट येशूप्रति पावल एकदम धन्यवादी छन् । पावल जस्तो व्यक्तिलाई प्रभु येशूले यति ठूलो "जीवन र मृत्युको" सेवा दिनुभयो । पावललाई प्रभु येशूले विश्वासयोग्य ठान्नुभयो । पावलले आफैंले आफैंलाई प्रभुको सेवा गर्न योग्यको ठानेका थिएनन् । किनकि उनको जीवन ख्रीष्टप्रति राम्रो थिएन । उनी एक विरोधी थिए । पावलले आफ्नो बितेको जीवनको बारेमा (Past Life) वा प्रभुलाई विश्वास गर्नुअघिको जीवन १३-१७ पदमा उल्लेख गरिएका छन्, जस्तैः पावल भन्छन् कि उनले अगाडि ख्रीष्टको र ख्रीष्टियनहरूको निन्दा गरेका थिए ।

उनीहरूको खेदो गरेका थिए। प्रभु येशूको अपमान गरेका थिए। पावल भन्छन् ती सबै काम कुराहरू अजानमा र अविश्वासमा गरेका थिए। त्यसकारणले उनले प्रभुबाट कृपा पाए। पावलको अनुभव अब ख्रीष्ट येशूबाट अनुग्रह प्रशस्त मात्रामा उर्लिआयो। पावल भन्छन् कि यो वचन हरप्रकारले ग्रहणयोग्य छ कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो र पापीहरूलाई उनीचाहिँ सबैभन्दा मुख्य पापी भनी स्वीकार गर्छन्। पावलको भनाइ यो छ कि, ख्रीष्ट येशूले पावल जस्तो विरोधी पापीलाई समेत क्षमादान दिनुहुन्छ। ख्रीष्ट येशू सबै पापी मानिसहरूको निम्ति क्रुसमा बलिदान हुनुभएको सत्य हो। उहाँले जस्तोसुकै पापीलाई पनि पापक्षमा गर्नुहुन्छ। तर शर्तचाहिँ ख्रीष्ट येशूलाई प्रभु भनेर र मुक्तिदाता भनेर विश्वास गर्नुपर्छ। "उहाँ मेरो पापको निम्ति बलिदान हुनुभएको हो र तेस्रो दिन फेरि जीवित हुनुभएको हो भनी स्वीकार गर्नुपर्छ।" अनि मुक्ति-उद्धार पाउन सकिन्छ।

पावलले कृपा पाएको र प्रभुको अुनग्रह पाएको एउटा नमुना दिनको निम्ति भनेर पावल भन्छन्। प्रभु धीरजी र अनुग्रही हुनुहुन्छ। पावल जस्तो पापीलाई अनुग्रह गर्नु, कृपा गर्नु र बचाउनु भनेको अरू पापीहरूलाई पनि प्रभुले अनुग्रह, कृपा गर्नु हुन्छ भन्ने एउटा उदाहरण वा नमुना हो।

त्यसकारण तपाईंहरू जो ख्रीष्टको विरोधी हुनुहुन्छ भने अनि धेरै किसिमका पाप गरिरहनुभएको छ भने पनि ख्रीष्ट येशूले तपाईंलाई बचाउन चाहनुहुन्छ, पाप क्षमा गर्न चाहनुहुन्छ र सक्नुहुन्छ। यसका लागि तपाईंले उहाँलाई विश्वास गर्नुपर्छ। तपाईं निराश नहुनुहोस्। उहाँ अनुग्रही, कृपालु र क्षमाशील प्रभु हुनुहुन्छ। तपाईं पश्चात्ताप गरी फर्कनुभयो भने र उहाँलाई मुक्तिदाता भनी विश्वास गर्नुभयो भने तपाईंले पापक्षमा, मुक्ति र अनन्त जीवन पाउन सक्नुहुन्छ।

अनि पछि पावल भन्छन्, कि येशू ख्रीष्ट युग-युगका राजा, अविनाशी र अदृष्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन्। साँच्चै नै हामीले रहस्यको कुरा बुझ्यौं भने येशू ख्रीष्ट युग-युगका अनन्तका राजा हुनुहुन्छ। उहाँले पहिलेदेखि अहिलेसम्म र भविष्यसम्म पनि राज्य गर्नुहुन्छ। उहाँ अविनाशी, कहिल्यै नाश नहुने परमेश्वर नै हुनुहुन्छ। उहाँ देख्न नसक्ने अदृष्य एकमात्र परमेश्वर हुनुहुन्छ। उहाँ परमेश्वरलाई हामीले आदर, मान र महिमा सदासर्वदा दिनुपर्छ।

### २. **असल विवेक र विश्वास कायम राख्नुपर्छ।** (१ **तिमोथी** १:१८–२०) **We need to hold on to faith and a good conscience. (1 Timothy 1:18-20)**

पावलले तिमोथीलाई असल लडाइँ लड्न सहासका लागि आज्ञा दिइरहेका छन् । पावलले तिमोथीलाई धेरै नजिकको नातामा "छोरा" भनी सम्बोधन गरेका छन् । पावलले तिमोथीलाई धेरै माया गरेर प्रभुमा हुर्काएका थिए र सँगसँगै साथमा मिसनरी यात्रामा पनि लगेका थिए । तिमोथीले अगमवाणीद्वारा पाएको वरदान र बोलावटलाई र प्रेरणालाई विश्वास र असल विवेकमा स्थिर रहिरहन परिश्रम गर्नुपर्ने वा लडाइँ नै लड्नुपर्ने पावल आज्ञा दिन्छन् । यो एउटा आत्मिक लडाइँ नै हो ।

परमेश्वरमा जुन विश्वास राखेको छ र स्वच्छ-सफा विवेक (Consciense) राखेको छ, त्यसलाई कायम राखिराख्नुपर्छ । विवेक (Conscience) भनेपछि ठिक सोच-विचार पनि पर्छ । पशुलाई विवेकहिन भनिन्छ । पशुले सोच्न सक्दैन । पशुले बहस गर्न, तर्क गर्न सक्दैन । अङ्ग्रेजीमा Common Sense भन्छ नि, एउटा साधारण सोच, हो त्यो पनि सोचेन भने झुटो शिक्षकहरूले गाँजेर लान्छ अथवा विश्वासीको विश्वासलाई बहकाइदिन्छ । त्यसकारण साधारण प्रेरितीय शिक्षाको सारांशलाई जानी राख्नुपर्छ र त्यस शिक्षालाई विश्वासमा पक्रिराख्नुपर्छ र ठिक विवेकले सोच्नुपर्छ ।

कति मानिसहरू विवेकलाई इन्कार गरेर, जानेको र बुझेको प्रेरितीय शिक्षा-सिद्धान्तलाई इन्कार गरेर वा नमानेर आफ्नो विश्वासको जहाज वा विश्वासको जीवन डुबाएका छन् वा नाश गरेका छन् । कतिले ख्रीष्टियन विश्वासलाई, अनन्तको मुक्तिदाता येशूलाई त्यागेका छन् । मुक्ति गुमाएका छन्; प्रभुलाई त्यागेका छन् । ख्रीष्ट विरोधी भएका छन् । जीवन गवाही बिगारेका छन् । ती जीवन बिगार्नेहरूमध्ये यहाँ पावलले दुई जनाको नाम समेत दिएका छन् । तिनीहरू हुन्, हुमेनियस र अलेक्जेन्डर । उनीहरूलाई पावलले शैतानको हातमा सुम्पिदिएका छन् ता कि उनीहरूले परमेश्वरको निन्दा गर्नुहुँदैन भनेर बुझोस् । पावलको भनाइको अर्थ ख्रीष्टियन समुदायबाट बहिस्कृत गरिदिएको र अब अनुशासन राखेको र बेवास्ता गरिएको हो । शैतानको हातमा सुम्पनु भनेको ती व्यक्तिहरूलाई संसारमा छोडिदिनु हो । अब अख्रीष्टियन सरह हो । अब उसलाई शैतानले चलाउँछ र प्रभुबाट दण्ड सजाय पाउँछ ।

हाम्रो चर्चमा पनि कति व्यक्तिहरूलाई शैतानको हातमा सुम्पेका छौं, जो झुटो शिक्षामा लागेका छन्, व्यभिचार गरेका छन्, जसले पश्चात्ताप गर्न मान्दैनन् । झन उल्टो चर्चको विरोध गरी हिँड्छन् । उनीहरूले आफ्नो विश्वास र विवेकलाई इन्कार गरेका छन् । त्यसकारण हामीहरू पनि एकदम होसियार हुनुपर्छ । हामीले हाम्रो विश्वास र विवेकलाई बलियोसँग समाति राख्नुपर्छ । यो लडाइँ हामीले लडिरहनुपर्छ । पावलले जस्तै हामीले पनि भन्न सक्नुपर्छ । पावल भन्छन्, "मैले उत्तम लडाइँ लडेको छु । मैले दौड सिध्याएको छु । मैले विश्वासलाई बचाइराखेको छु।" (२ तिमोथी ४:७) ।

**निष्कर्ष (Conclusion)**

हामीले पनि प्रभु येशूको अनुग्रह अनुभव गर्नुपर्छ । हामी जस्तो पापीहरूलाई उहाँका विरोधीहरूलाई, उहाँका विरोधीहरूलाई उहाँले अनुग्रह गरी, कृपा गरी बोलाउनुभयो र साथै मिलापको सेवकाइ दिनुभएको छ । पावल जस्तो विरोधी पापीलाई येशूले दर्शन दिनुभएर भेट्नुभएर पावललाई प्रभुले विश्वासयोग्य ठान्नुभयो र सेवा दिनुभयो । त्यसका लागि पावल धेरै धन्यवादी छ । हामी पनि प्रभुमा धन्यवादी हुनुपर्छ ।

अर्को कुरा हामी पनि हाम्रो विश्वास र असल विवेक ठिकसँग राम्रोसँग समाति राख्नुपर्छ । प्रेरितीय शिक्षा-सिद्धान्तको ज्ञानअनुसार हामी स्थिर रहनुपर्छ । झुटो शिक्षाबाट होसियार हुनुपर्छ ।

# ३. मण्डलीको आराधना सेवाका विधिहरू
# Methods of Church worship

(**१ तिमोथी** २:१–१५; **1 Timothy 2:1-15**)

आजभोलि ख्रीष्टियनहरू बाइबलको शिक्षाभन्दा सांसारिक शिक्षामा जोड दिन थालेको हामी पाउँछौं । बाइबलअनुसार संसारलाई नढालेर संसारअनुसार बाइबलको शिक्षालाई ढाल्न खोजेको र पश्चिमी देशहरू सोअनुसार ढालिसकेको कुरा स्पष्ट देखिन्छ । हामी नेपाली ख्रीष्टियनहरू यस कुरामा धेरै नै होसियारी हुनुपर्छ । किनभने नेपालमा पनि कोही-कोहीले यस्तो सांसारिक शिक्षा र झुटो शिक्षा बलपूर्वक ल्याउन खोजेको देखिन्छ । पावलले यहाँ यस खण्डमा वा अध्यायमा यस्तै कुराको विषय अलि सिकाउन खोजेका छन् ।

१) **सबै मानिसहरूको निम्ति प्रार्थना गर्न आहवान** (**पद** १–४)
**We need to pray for all kinds of people (v. 1-4)**

झुटो शिक्षाको जानकारी पाएपछि पावलले तिमोथीलाई प्रार्थना गर्न आज्ञा दिन जाँदैछन् । प्रार्थना कसका लागि गर्ने ? कहिले गर्ने आदि विषयमा यहाँ पावलले शिक्षा दिँदैछन् ।

**पद** १ : सबै मानिसहरूका लागि प्रार्थना गर्ने अर्ती दिएका छन् । प्रार्थना गर्नु भनेको विनम्र निवेदन गर्नु हो, अन्तरविन्ती गर्नु हो । अन्तरविन्ती भनेको अरूहरूको निम्ति गरिदिने प्रार्थना हो र धन्यवाद पनि दिनुपर्छ । ख्रीष्टियन जीवनको निम्ति प्रार्थना भन्ने कुरा अति महत्वपूर्ण छ । पावलले सधैं प्रार्थनामा धेरै जोड दिन्छन् । चर्चका कार्यक्रमहरूमा खासमा प्रार्थनालाई सधैं पहिलो स्थानमा दिनुपर्छ । तर प्राथमिकता दिएको देखिएको जस्तो लाग्दैन । यहाँ पावलले विभिन्न शब्दहरू चलाए तापनि प्रार्थनाकै कुरामा जोड दिनलाई मात्र वा एउटै

कुरामा नै जोड दिएर भनेका छन् । चर्चको कार्यक्रममा अर्को महत्वपूर्ण कुरा धन्यवाद दिनु हो । सबैका लागि सधैँ धन्यवादसाथ प्रार्थना गर्नुपर्छ ।

**प्रार्थना गर्नुपर्ने कारणहरू (Why need to pray ?)**

*क) भक्तिको जीवन जिउनका लागि (पद २ )*

*To live piety life (V. 2)*

**पद २ :** प्रार्थना गर्नुपर्ने विषयवस्तु पावलले यहाँ विशेषगरी राजाहरू र उच्च पदाधिकारीहरूका लागि गरिऊन् भन्ने सल्लाह तिमोथीलाई दिएका छन् । पावलले यहाँ प्रार्थना गर्नुपर्ने मुख्य कारणहरू पनि दिएका छन् । एक त भक्तिको जीवन बिताउन पाउने प्रार्थना गर्नुपर्छ । भक्तिको जीवन बिताउन पाउनु भनेको ख्रीष्ट येशूको आराधना गर्न पाउनु हो । शान्ति र पवित्रताको जीवन बिताउनुको निम्ति पनि प्रार्थना गर्नुपर्छ । किनभने राजाहरूले र उच्च पदाधिकारीहरूले नै नियम कानुन बनाउन लगाउँछन् र बनाउँछन् पनि । देशको परिस्थिति उच्च पदाधिकारीहरूमा धेरै नै भर पर्दछ । जस्तो नेता छ, उस्तै जनता पनि हुन्छन् ।

*ख) मानिसहरूले उद्धार पाऊन् भनेर (पद ३-४ )*

*For the salvation men (V. 3-4)*

**पद ३–४ :** प्रार्थना गर्नुपर्ने अर्को एउटा कारण वा विषय पद ४ मा दिइएको छ । त्यो हो सबै मानिसहरूले उद्धार पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् । परमेश्वरको इच्छा यो छ कि, हामी ख्रीष्टियनहरूले अरू ख्रीष्ट येशूलाई विश्वास नगरेकाहरूका निम्ति प्रार्थना गरिदिनुपर्छ । प्रभु परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्‍यौँ भने, उहाँले सुन्नुहुन्छ र सकारात्मक उत्तर पनि दिनुहुन्छ (१ यूहन्ना ५:१४, १५) । हाम्रो देशका उच्च पदाधिकारीहरूका लागि प्रार्थना गर्नु यो परमेश्वरको इच्छा हो । उहाँको मूल उद्देश्य पनि यो थियो र छ कि, सबै मानिसहरू सत्यको ज्ञानमा आऊन् र सबैले उद्धार पाऊन् । अरूको निम्ति प्रार्थना गर्नु असल कुरो हो । कोही पनि नष्ट भएको उहाँ चाहनुहुन्न (२ पत्रुस ३:९) । सबै मानिसहरू सत्यको ज्ञानमा आउन र उद्धार पाउन त सुसमाचार सुन्नै पर्छ । सुसमाचार नसुनिकन कसैले पनि उद्धार पाउन सक्दैन । सत्यको ज्ञान र जीवनको ज्योति त प्रभु येशू ख्रीष्ट हुनुहुन्छ ।

**२) सुसमाचारमा समावेश गर्नुपर्ने कुराहरू (पद ५–८)**
**Some facts need to be included in goodnews. (V. 5-8)**

*क) परमेश्वर एउटै हुनुहुन्छ (God is one)*

यो कुरा सबै मानिसहरूले बुझ्नुपर्छ । नेपालमा अनि अरू देशहरूमा पनि, परमेश्वरलाई बहुसङ्ख्यामा सम्झन्छन् र मान्छन् पनि । हामीलाई सिर्जने, सारा ब्रह्माण्ड सृष्टि गर्नुहुने परमेश्वर एउटै मात्र हुनुहुन्छ । यसको त्यो एउटै परमेश्वर चाहिँ उहाँ पुरानो नियम (करार) मा यह्वे परमेश्वर भनेर चिनिनुहुन्थ्यो भने, आज नयाँ नियम (करार) को समयदेखि येशू ख्रीष्ट भनेर चिनिनुहुन्छ ।

*ख) येशू ख्रीष्ट मात्र परमेश्वर र मानिसहरूका बीचमा एउटै मध्यस्थ हुनुहुन्छ (Jesus is the only mediator between God and Man)*

हामीलाई परमेश्वरमा डोऱ्याउने, परमेश्वरलाई चिनाउने जीवनको ज्योति प्रभु येशू ख्रीष्ट हुनुहुन्छ । यो कुरा नबुझेसम्म कसैले उद्धार पाउन सक्दैनन् ।

*ग) येशू ख्रीष्ट सबैको छुट्कारका लागि आफैं क्रूसमा बलिदान भैदिनुभयो (Jesus sacrificed His life for the redemption of all)*

"छुटकारा दिनुभयो" भनेको कोही मानिस बन्धनमा छ भने बन्धनबाट मुक्त गर्नु हो । यहाँ पावलले छुट्कारा दिन मोल तिरेको कुरा एउटा दासलाई वा जेलमा परेको व्यक्तिलाई लाग्ने रकम तिरेर छुट्कारा वा स्वतन्त्र गराए जस्तै हो (बुझ्नका लागि मत्ती २०:२८, मर्कुस १०:४५ पढ्नुस्) । परमेश्वरको पवित्रतामा आधारित र उहाँको स्तरको माग अरू कसैले पूरा गर्न सक्दैनन्, ख्रीष्ट येशूले मात्र सम्पूर्ण कुरा गरिदिनुभयो । यो मोल शैतानलाई तिरेको होइन । बरु परमेश्वरलाई तिरेको हो । किनभने मानिसले परमेश्वरको करार भङ्ग गरेको थियो । मानिस अनाज्ञाकारी भई परमेश्वरको विरुद्ध पाप गऱ्यो । परमेश्वरले मानिसलाई उहाँकहाँ आउन सङ्गति गर्न रोक लगाउनुभयो । परमेश्वर रिसाउनुभयो, परमेश्वर र हाम्रो बीचको छेक्ने बारलाई तोड्न अथवा उहाँको स्तरीय माग पूरा गर्न ख्रीष्ट येशू कलवरी क्रूसमा बलिदान हुनुभएको हो ।

यो उद्धारको कामको साक्षी ठिक समयमा दिइएको छ । गलाती ४:४,५ मा ख्रीष्ट येशू ठिक समयमा यस संसारमा आउनुभएको कुरा बताइएको छ । हिब्रू १:१,२ मा बुझाएको छ कि, पुरानो समयमा परमेश्वर पिता पुर्खाहरूसँग कैयौं भागभाग र कैयौं रीतिले अगमवक्ताहरूद्वारा बोल्नुभयो र यी दिनका अन्तमा

आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ ।" यो साक्षी ठिक समयमा उहाँले दिनुभयो । ख्रीष्ट येशूद्वारा सबै मानिसलाई बचाउने वा उद्धार गर्ने परमेश्वरको इच्छा हो ।

*घ) गैर यहूदीहरूमा सुसमाचार (पद ७)*
*Godnews to Gentiles (V. 7)*

**पद ७ :** पावलले यहाँ भन्दै छन् कि उनलाई गैर यहूदीहरूलाई सुसमाचार सुनाउन परमेश्वरले नियुक्त गर्नुभएको थियो । त्यसकारण पावल गैह्र यहूदीहरूका शिक्षक, प्रचारक र प्रेरित भएको कुरा एफिसीका पाठकहरूलाई बताउँदैछन् । किनभने त्यहाँका कोही-कोही यहूदीहरूले सोचिरहेका थिए कि, सुसमाचार भनेको खाली यहूदीहरूका लागि मात्र हो भनेर । यस्तो विचार भावना पत्रुस जस्तो येशू ख्रीष्टको नजिकको प्रेरित चेलामा पनि थियो भने, साधारण यहूदीहरूमा यस्तो सोचाइ, भावना हुनु स्वभाविक हो (प्रेरित १०:९-४३, गलाती २:११-१३) । यहाँ पावलले एफिसीका विश्वासीहरूलाई सफासँग बताइरहेका छन् कि, उनी सबै जातिका बीचमा सुसमाचार प्रचार गर्नलाई नै परमेश्वरले नियुक्त गर्नुभएको हो । पावलले यसो भनेर परमेश्वरको विश्व दर्शन र योजना सबैको उद्धार गर्नु हो भनेर देखाएका छन् र सम्झाउँदै पनि छन् ।

**दाजुभाइ र दिदीबहिनीलाई केही निर्देशनहरू (पद ८–१५)**

*ङ) प्रार्थनाको संस्कार (शिष्टाचार) (पद ८)*
*Tradition of prayer (V. 8)*

**पद ८ :** पावलले माथिका पदहरूमा उच्च पदाधिकारीहरूका लागि प्रार्थना गर्न आह्वान गरेका छन् । त्यसैको निरन्तरतामा पुरुष र स्त्रीले मण्डलीमा प्रार्थना गर्ने तरिका दिएका छन् । आत्मिक जागृति र चासोका लागि सबैले प्रार्थना गर्नुपर्छ । सामुहिक भेटघाट र मण्डलीमा पुरुषहरूले प्रार्थनामा अगुवाइ गर्नुपर्ने भन्ने बुझाएका छन् । पुरुषहरूले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गर्नुपर्छ । यहाँ पावलले चलाएका शब्दहरूले हामीलाई के आभास दिइरहेको छ भन्दा पुरुषहरू बढी मात्रामा रिसाउँदा रहेछन् र वादविवाद गर्दा रहेछन् । "पवित्र हात उचाली प्रार्थना गर्नुस्" भन्नुको अर्थ इमानदारी जीवन, नैतिक जीवन जिएर प्रार्थना गर्नु भनेको हो । भित्री पवित्र जीवन जिउनुपर्छ र जिएर प्रार्थना गर्नुपर्छ

भनेको हो, प्रार्थना गर्नेहरू एकार्कासँग सम्बन्ध गाँसेको हुनुपर्छ । यदि मनमा रीस छ र वादविवाद गरेका छौं भने राम्रोसँग प्रार्थना पनि गर्न सकिँदैन । एकार्कासँगको सम्बन्धले पनि प्रार्थनामा धेरै असर पार्छ ।

### ३. स्त्रीहरूको स्वभाव कस्तो हुनुपर्छ भन्नेबारेमा सिकाइएको छ । (१ तिमोथी २:९–१५)
### What kind of characters woman should have (1 Timothy 2:9-15)

*क) सुहाउँदो वस्त्र पहिरनुपर्छ । (पद ९-१० )*
*Woman should wear suitable dress. (v. 9-10)*

**पद ९–१०** : यसैगरी पावलले स्त्री जातिलाई सल्लाह वा निर्देशन यसरी दिन्छन्, "स्त्रीहरूले सरलता र भद्रतासाथ सुहाउँदो वस्त्र पहिरिउन् र असल कामद्वारा सुसज्जित होऊन्" यो भनाइबाट बुझ्न सक्छौं कि स्त्रीहरू पहिलेदेखि नै अलिक सिङ्गार-पटार गरी गहना लगाउने र आफूलाई तडकभडक देखाउने स्वभावका रहेछन् । पावलले स्त्रीको वस्त्र-पहिरनहरू, लगाएको गर-गहना अवश्य पनि देखिरहेका थिए । त्यसकारण यहाँ विश्वासी स्त्रीहरूलाई पनि सम्झाउँदै छन्, परमेश्वरको भक्ति गर्ने स्त्रीहरूलाई सुहाउने प्रकारले वस्त्र पहिरन गहना लगाउने, कपाल बाट्ने गर्नुपर्छ भनेर सम्झाउँदै छन् । मण्डलीको जीवनमा बाहिरी सिङ्गार पटारभन्दा भित्री जीवन चरित्र सिङ्गार्नुपर्ने कुरा यहाँ पावल सम्झाउँदै छन् । आज पनि स्त्री जातिहरू सुन, मोती र गहना भनेपछि हुरुक्कै हुन्छन् र आत्मिकी कुरा नै बिर्सिदिन्छन् । मण्डली आउँदा सरल र भद्र देखिने वस्त्र पहिरिनु अति आवश्यक छ । तर यसको अर्थ यो होइन कि, स्त्रीहरूले राम्रो वस्त्र पहिरिनुहुँदैन र गहना लगाउनुहुँदैन । कपाल नकोरी मण्डलीमा आउने कुरा गरेको पनि होइन । कति पास्टर र प्रचारकहरूको भूल बुझाइमा स्त्रीहरूलाई लाजमर्दो हुने गरी प्रचार गर्छन् । मलाई त लाग्छ, स्त्रीहरूले सुहाउँदो वस्त्र पहिरिनुपर्छ, गरगहना ठिकसँग लगाउनुपर्छ र सुन्दरी देखिनुपर्छ । अरूले देख्दा पनि परमेश्वरलाई धन्यवाद दिन सकेका होऊन् । अरूले देख्दा मनमा शान्ति र आनन्द लागोस् । ख्रीष्टियनहरू सांसारिक लुगा लगाइ र सिङ्गारपटारबाट होसियार हुनुपर्छ ।

बाहिरी सुन्दरता सधैं नरहन पनि सक्छ । ख्रीष्टियन सुन्दरता उसको सेवकाइ र असल व्यवहारमा हुन्छ । ख्रीष्टको प्रेममा अरूलाई सेवा गरेकोले अरूहरू प्रभुमा आकर्षित हुन्छन् । सांसारिक सुन्दरताभन्दा स्वर्गीय र ईश्वरीय गुणको सुन्दरता

प्रत्येक ख्रीष्टियनहरूमा हुनुपर्छ । संसारले ठानेको सुन्दरता इन्कार गरी परमेश्वरले ठानेको सुन्दरतालाई स्वीकार गर्नुपर्छ । सुरुमा भेट्‌दा मेकअप गरेकी केटी सुन्दरी लाग्न सक्छ र मन पराउन सक्छन् । जब केही समयसँगै बस्दै जाँदा व्यवहार नराम्रो देख्दै गएपछि यो मेकअपबाट सुन्दरी भएकीलाई मन पराउन छोड्छ । तर सुरुको अनुहार कालो कालो अनुहार भएकीलाई मन नपराए पनि, जबसँगै केही समय बिताउँदै गइन्छ तब तिनको असल स्वभाव बानी व्यहोरा, चालचलन, सेवा नम्रता देखेपछि काली काली नै राम्री सुन्दरी लाग्न थाल्छ । बाहिरी सुन्दरीपनले शान्ति, आनन्द, खुसी दिँदैन बरु असल चरित्र स्वभावको स्त्रीले मनमा आनन्द, शान्ति खुसी दिन्छिन् ।

*ख) नम्रतामा सिक्नुपर्छ (पद ११-१२)*

*Need learn in humbleness. (v. 11-12)*

**पद** ११–१२ : भक्ति गर्ने स्त्रीको स्वभाव व्यवहारको कुरा गर्दा पावलले भन्छन्, “स्त्रीले दीनतासाथ बसेर सिकून् ।” पावल र पत्रुसले स्त्रीको कहिल्यै नओइलाउने सुन्दरता तिनको नम्रता र शान्त आत्मा हुन् भनेर भन्दछन् (१ पत्रुस ३:४) । पावलले यस कुरामा विशेष जोड दिएर शिक्षा दिएका छन् ।

मण्डलीमा बाहिर सभामा स्त्रीहरू पुरुषबाट नम्र भएर सिक्नुपर्छ । मण्डलीमा पुरुषको अगुवापनमा स्त्रीहरू बस्नुपर्छ । स्त्रीहरू मण्डलीमा पुरुषहरूलाई सिकाउने काम नगरोस् भन्ने पावलको कडा शिक्षा छ । मण्डलीको नियम जुन परमेश्वरले पवित्र आत्माको प्रेरणामा दिनुभएको छ, उल्टाउनुहुँदैन । स्त्रीले पुरुषमाथि अधिकार चलाउनुहुँदैन ।

यहाँ पावलले “चुपचाप रहेर केही कुराकानी पनि नगर्नू भनेका होइनन् । अन्ततिर यो शब्द अलि सफासँग बुझ्ने प्रकारले चलाएका छन् (प्रेरित २२:२,२ थिस्सलोनिकी ३:१२) । यहाँ चलाएको अर्थमा मिलाउनु, गडबड नगर्नु (Undisturbed) बहसमा नबस्ने जस्तो होइन । ग्रिक भाषामा अर्को शब्द “सिगाओ (Sigao)” भन्ने चलन छ, जसको अर्थ साँच्चै केही नबोली चपचाप बस्नु हो (लूका १८:३९, १ कोरिन्थी १४:३४) ।

आजभोलि आधुनिक स्त्रीहरूलाई यो पावलको भनाइ त्यति मन पर्दैन र अर्कै अर्थ लगाई पुरुषको अधीनमा नम्रतामा रहन चाहँदैनन् । यो मन, विचार, भावना र अर्थ लगाउनु नै विकृति हो । आजभोलिको भूल विचार यस्तो छ कि, बाइबलको ज्ञान प्राप्त गर्नु नै आत्मिकी हो तर यो एकदम बेठिक र भूल सोचाइ

हो। कहिल्यै पनि ज्ञानले आत्मिकी बनाउँदैन। ज्ञानले घमण्ड बढाउँछ। होसियार भएन भने पतन हुन्छ।

जब कोही पनि स्त्री या पुरुष बाइबलको वचनअनुसार जिउँदैन र आफ्नो विचारमा जिउन थाल्छ; तब परिवार, समाज, देश र संसारै बिग्रिन्छ । त्यहाँ मेलमिलाप हुँदैन। परमेश्वरले जे हामीलाई दिनुभएको छ, त्यो हाम्रो लागि असल छ। परमेश्वरले प्राकृतिक नियमहरू दिनुभएको छ र सबै प्राणी त्यही नियमअनुसार जिउनुपर्छ। उदाहरणः माछा पानीमा रहन वा जिउनलाई परमेश्वरले बनाउनुभएको हो । पशुपक्षी भने होइन । यदि माछाले मनमा सोच्छ कि ऊ मात्र पानीमा सधैँ जाडो र गर्मीमा पनि बस्नुपर्ने अनि पशुपक्षीको भने बस्ने घर, गुँड, प्वाल छन् । मलाई त परमेश्वरले अन्याय गर्नुभएको छ । म पनि पानीबाट बाहिर पृथ्वीमा जिउन चाहन्छु भनेर माछा पानीबाट बाहिर आउँदा कस्तो होला ? पानी बाहिरको अक्सिजन माछाको निम्ति बढी हुन्छ । माछा जमिनमा छट्पटिएर मर्छ । त्यस्तै पशुपक्षी पनि सधैँ पानीमा जिउन सक्दैन। माछालाई पानीमा जिउनु र पशुपक्षीलाई जमिनमा जिउन सजिलो हुन्छ। त्यस्तै पुरुषको स्थान र स्त्रीको स्थान परमेश्वरले विचार गरेरै राख्नुभएको छ । जब स्त्रीले पुरुषको ठाउँ ओगट्न थाल्छन् या खोज्छन्, त्यहाँ परिवारमा, मण्डलीमा, समाज, देशमा नै गडबड हुन थाल्छ । किनभने यो परमेश्वरले दिनुभएको नियमको विपरित छ। हाम्रो पाटन मण्डलीमा पनि छाडा शिक्षाका (Liberal Teaching) केही स्त्रीहरूले झण्डै मण्डली बिगार्न खोजेका थिए । पावलको शिक्षालाई ठाडै इन्कार गरी बाइबललाई समेत परमेश्वरको वचन मान्दैनौँ भनेर आत्मिक एकता पत्रिकामा सबै पुरुषलाई, पास्टरहरूलाई ठाडै गल्ती गरे भनेर लेखेका थिए । यस्तो श्रृङ्खला शिक्षालाई नेपालभरिका मण्डलीका पास्टरहरूले आँखा चिम्लिदिए र त्यस्ता शिक्षाकाहरूलाई झन् सहर्ष स्वीकार गरी जनसमक्ष माथि उठाई दिएका छन् । यस्तो देख्दा नेपालका मण्डलीका पास्टरहरूमा बाइबलको शिक्षामा चासो नभए जस्तो देखिन्छ। बाइबलको आधिकारिकतालाई महत्व नदिएको जस्तो देखिन्छ। यस्ताको विरुद्ध प्रतिकार भएको छैन। नेपालका मण्डलीका लागि यो दुःख लाग्दो कुरा हो। बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल पनि नबिक्ने भन्ने उखान यहाँ पूरा भएको छ।

*ग) पुरुषको अधिनमा रहनुपर्छ (पद १३-१५)*
*Woman need to be submissive to man. (V. 13-15)*

**पद १३** : किनभने स्त्रीहरू पुरुषको अधीनमा रहेर नम्रतासँग सिक्नुपर्छ । यो परमेश्वरको वचनको आज्ञा हो । यो उहाँलाई मनपर्छ । यस्तै हुनका लागि पहिले आदमलाई सृष्टि गर्नुभयो र पछि हव्वा एक सुहाउँदो र सहयोगीको रूपमा सृष्टि गर्नुभएको थियो । स्त्रीहरू-पुरुषसँग नम्रतासँग बसेकोले परमेश्वरलाई बुझेको र परमेश्वरले आफूलाई राख्ने स्थान स्वीकार गरेको बुझिन्छ । पृथ्वीमा मानिस जातिका लागि परमेश्वरले राख्नुभएको नियम यस्तै थियो । पत्रुसले आफ्नो पहिलो पत्र (पत्रुस ३:१) मा यही नम्रतापूर्वक पुरुषको अधीनमा बस्ने कुरा गरेका छन् । पावलले १ कोरिन्थी ११:८-१० मा पुरुष र स्त्रीको कुरालाई लिएर प्रस्तुत गरेका छन् । स्त्री एक सहयोगी हुन् । पुरुषलाई शिरको रूपमा र स्त्रीलाई शरीरको रूपमा उहाँले बुझाउनुभएको छ (एफिसी ५:२२-२४) । पुरुषहरूले गाउँघर, समाज र देशमा नै अगुवाको काम गर्नुपर्छ । परमेश्वरले प्रकृतिलाई सारा पशुपक्षी प्राणीमा पुरुषलाई बलियो र अग्रसर हुने रूपमा बनाउनुभएको छ । यो बनावटलाई, नियमलाई मानिसले उल्टाउनु खोज्नु केवल मुर्खता मात्र हो ।

**पद १४** : पावलले भन्दै गएका छन् कि, आदम छलिएका होइनन्, तर स्त्रीचाहिँ छलिएर पापमा वा अपराधमा फसेकी हुन् । आदम सारा पुरुष जातिको एक प्रतिनिधि र हव्वा एक सारा स्त्रीहरूको एक प्रतिनिधिको यहाँ पावलले बहस गर्दैछन् । पावलले यहाँ बुझाउन चाहेको कुरा स्त्री जाति मानिसको दाँजोमा धेरै छिटो भूल गर्न, फस्न, परीक्षामा पर्न सक्ने कमजोर पात्रको रूपमा छन् । त्यसकारण स्त्रीले मण्डलीमा सिकाउने काम र अधिकार चलाउने कामको जिम्मा लिनुहुँदैन । आदम र हव्वाको परीक्षामा हव्वाले अगुवापनको काम गरेर बिगारेको बताइएको छ । हव्वाले फल खान आग्रह र अगुवाइ गरिन् । आदमले भूल गरेनन् र गर्दैनन् भनेको पनि होइन, किनभने पावलले रोमी ५:१२-२१ मा आदमको काखमा पूरा पापको जिम्मा राखिदिएका छन् । तर सबै काममा स्त्री जाति नम्र भएर सिक्नु र अधीनमा बस्नु नै राम्रो हो भन्ने पावलको भनाइ हो ।

**पद १५** : यहाँ भनिएको छ, यदि तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने बालक जन्ममा तिनी बचाइनेछिन् । प्रसव वेदनाले हव्वालाई परमेश्वरले दिनुभएको श्रापको याद दिलाउँछ । परमेश्वरको वचनअनुसार सुशीलको,

विश्वासको प्रेमको र पवित्र जीवन बिताउँछिन् भने परमेश्वरले त्यो श्राप कम गरिदिनुहुन्छ र मृत्युबाट पनि बचाउनुहुन्छ। स्त्रीले आफ्नो आनन्द पुरुषको भूमिका खेलेर होइन, बरु घरमा श्रीमान्को श्रीमती भएर र छोराछोरीको आमाको भूमिका खेलेर प्राप्त गर्न सकिन्छ।। स्त्रीले स्त्रीको स्वभाव देखाउनुपर्छ। स्त्री पुरुष जस्तो हुनु असुहाउँदो कुरा होइन । उदाहरणः स्त्रीको स्वर केटाको जस्तो, हातका औँलाहरू पुरुषको जस्तो हुन नराम्रो देखिन्छ। स्त्री स्त्रीको स्थानमा रहेर काम, व्यवहार गर्नु पर्‍यो। अनि मात्र परमेश्वरको योजना, उद्देश्यअनुसार चल्न सक्छ। नत्रभने यो पुरुष र स्त्री गरी सिर्जनुभएको महत्व नै हुँदैन।

**निष्कर्ष (Conclusion)**

आराधना सेवाका बिधिहरूमध्ये एउटा काम हो -सबै मानिसहरूको निम्ति प्रार्थना गरिदिनुपर्छ। अर्को दोस्रो कुरा हो, मण्डलीमा स्त्रीहरूको स्वभाव कस्तो हुनुपर्छ भन्ने बारेमा, लुगा लगाइहरू र कपाल कोर्ने, गहना लगाउने विषयमा सरल हुनुपर्छ । एउटा ख्रीष्टियन स्त्रीले सुहाउँदो प्रकारले लुगा लगाउने र मेकअप गर्नुपर्छ।

# ४. पास्टर वा बिसप वा एल्डर र डिकनको चरित्र वा गुणहरू
# Qualification of Bishop, Elder and Deacons

(१ तिमोथी ३:१–१३; 1 Timothy 3:3-13)

**परिचय (Introduction)**

परमेश्वरको सेवकाइ एक महिमित र ठूलो सेवकाइ हो । यो सेवकाइ जो पायो त्यसले गर्न मिल्दैन । नमिले पनि कसै कसैले आफ्नो एउटा पेशाका लागि जबर्जस्ती भए पनि गरिरहेकाहरू पनि होलान् संसारमा तर त्यस्तो सेवकाइ प्रभु खुसी हुनुहुन्न ।

विशेष ख्याल पास्टरीय सेवकाइमा लाग्नेहरूको निम्ति पावलले यहाँ केही योग्यताको गुणहरू दिएका छन् । योग्यताका यी गुणहरू सबै मण्डलीका पास्टर, एल्डर, डिकन र प्रचारकहरूले एकदम विशेष ख्याल गर्नुपर्छ । पावलले यहाँ केही शिक्षा दिएका छन् । अब हामी ती सबै एक एक गरी हेर्नेछौं ।

**I. पास्टर, बिसप वा एल्डरका गुणहरू (पद १–७)**
**Qualification of Pastors, Elders. (v. 1-7)**

३:१ पदमा पावलले भन्छन्, "पास्टर वा एल्डर वा बिसपको काम गर्ने" इच्छा गर्नु एकदम असल र राम्रो इच्छा हो । यो साधारण संसारको डाक्टर र प्रोफेसरको काम जस्तो सरकारी अफिसमा हाकिमको काम गर्न चाहेको जस्तो होइन । यो उच्च र पवित्र परमेश्वरको काम हो । यो काममा जीवन र मृत्युको सवाल छ । यो परमेश्वरको काम जसले पायो त्यसले गर्न मिल्दैन, गर्न सक्दैन र परमेश्वरले गर्न लगाउनुहुन्न । कसैकसैले जबर्जस्ती त गर्न सक्छ तर परमेश्वरको आशिष् हुँदैन । परमेश्वरको पवित्रता झल्किँदैन । मण्डली सञ्चालन गर्ने विषयमा पावलले यहाँ केही शिक्षा र सरसल्लाह तिमोथीलाई दिँदैछन् । पावलले यहाँ केही शिक्षा र सरसल्लाह तिमोथीलाई दिँदैछन् । पावलले अगुवाको योग्यता के के हुन्छ त भन्ने बारेमा १-७ पदसम्ममा १५ गुणहरूको सूची दिएका छन् ।

१. पास्टर, एल्डर वा बिसपको काम गर्ने मानिस निर्दोष हुनुपर्छ । कसैले कुनै कुराको दोष लाउन नसक्ने हुनुपर्छ । केही कुराको दोष छ भने वा दाग छ भने त्यसले मण्डलीको पास्टर, एल्डरको काम गर्न सक्दैन ।

२. अर्को गुण हो, एउटी स्त्रीको पति हुनुपर्छ । यसको अर्थ हो बहुविवाह गर्नुहुँदैन । पास्टर, एल्डर वा बिसप हुने व्यक्तिले आफ्नो श्रीमती हुँदाहुँदै अर्को विवाह गर्नुहुँदैन र मिल्दैन । छोडपत्र गरेका, श्रीमतीलाई अलग्गै राखेका, व्यभिचार गरेकाहरू मण्डलीको पास्टर, एल्डर वा बिसप हुन सक्दैन । आफ्नो एउटी स्त्री वा श्रीमतीसँग राम्रो सम्बन्ध राखेको, मेलमिलाप भएको हुनुपर्छ । छोडपत्र दिएको (Divorced) ले फेरि विवाह गरेर पास्टर वा एल्डरको काम गर्न मिल्दैन । छोडपत्र वा त्यागपत्र दिने भन्नु नै परिवार असफल भएको बुझिन्छ । मानिसको जस्तोसुकै पाप त क्षमा हुन्छ तर क्षमा पाए पनि पास्टरीय काम, एल्डरको काम र बिसपको काम फेरि गर्न मिल्दैन । ऊ मण्डलीको पास्टरीय काम, एल्डरको काम वा बिसपको कामका लागि सधैंको निम्ति अयोग्य ठहरिन्छ । समय लामो बित्दैमा मानिस त्यसै योग्य बन्दैन । यो एउटा संसारमा र मण्डलीमा परीक्षा नै छ (Temptation to accept remarried man to leadership.) कि समय धेरै वर्ष बितेपछि मण्डलीको अगुवा लिइदिने । तर यो भूल र गलत हो (३:४-५; १ कोरिन्थी ९:२४-२७) ।

   तपाईंको मण्डलीमा, हाम्रो मण्डलीमा कस्तो पास्टर, एल्डर वा बिसपहरू छन् ? के उनीहरू निर्दोष र एउटी स्त्रीको पति हुन् ?

३. तेस्रो गुण, परहेजी हुनुपर्छ । परहेजी भनेको एक किसिमको सन्तुलित जीवन हो । धेरै नरिसाउने, आफूलाई वशमा राख्ने, सोचविचारसँग अरूसँग व्यवहार गर्नु हो । अगुवा अरूको विचार गरेर आफूलाई वशमा राखेर ठिक जीवन जिउनुपर्छ ।

४. अर्को गुण हो, आत्मसंयमी हुनुपर्छ । यो पनि परहेजी जस्तै जस्तै गुण हो । आफूले आफूलाई नियन्त्रण गर्नुपर्छ, अथवा आफूलाई अनुशासनमा राख्नुपर्छ । आफ्नो जीवनलाई शरीरले चाहे जस्तो, मागे जस्तो दिनुहुँदैन । आफ्नो शारीरिक इच्छालाई पनि वशमा वा नियन्त्रणमा लिनुपर्छ । नत्र भने आफू अरूलाई भने प्रचार गरिन्छ र आफूमा छैन भने बेइज्जत हुन्छ । त्यसकारण बाइबल शिक्षाअनुसार आफ्नो जीवनलाई पनि अनुशासनमा राख्नुपर्छ ।

५. पाँचौं गुण, सुशील हुनुपर्छ। सुशील भनेको राम्रो स्वभाव र राम्रो आनीबानी र राम्रो व्यवहार हुनु हो। आफ्नो बानी व्यवहार रहनसहन सधैं सुशील वा राम्रो हुनुपर्छ। अरूले हेर्दा, भेटघाटमा कुराकानीमा, व्यवहार असल भेटाएको हुनुपर्‍यो।

६. अर्को गुण, अतिथि-सत्कार गर्ने हुनुपर्छ। अतिथि-सत्कार गुण त अगुवामा नभइ नहुने गुण हो। नयाँ मानिसहरूलाई पाहुना बोलाउने वा पाहुना आएकाहरूलाई दिलोज्यानले सत्कार गर्ने राम्रो व्यवहार गर्ने हुनुपर्छ। अतिथी-सत्कार गर्न नसक्ने र नजान्ने अगुवा हुन सक्दैन।

७. सातौं गुण, सिकाउनमा सिपालु हुनुपर्छ। यसको अर्थ बाइबल धर्मशास्त्र राम्रौ अध्ययन गरेर ठिक अर्थ लगाई राम्रोसँग बुझ्ने गरी सिकाउन सक्ने हुनुपर्छ। आफूले बाइबल बुझेको र बुझेको कुरा बुझाउन सक्ने हुनुपर्छ। बाइबलको सत्यता ठिकसँग सिकाउनु पर्‍यो र झुटो शिक्षालाई विरोध गर्न सक्नुपर्छ। विशेष पास्टर, एल्डर वा बिसप बाइबल धर्मशास्त्र राम्रोसँग प्रचार गर्न सक्ने र सिकाउन सक्ने हुनुपर्छ। त्यसकारण पवित्र आत्माले चलाउनुहुन्छ भनेर लाटो अथवा राम्रो बोल्न नसक्नेलाई पास्टर, एल्डर वा बिसप बनाउन मिल्दैन। राम्रोसँग बोल्न र सिकाउन नसक्नेको अर्को सेवकाइ क्षेत्र हुन सक्छ। प्रभुले विभिन्न व्यक्तिलाई विभिन्नै दान-वरदान दिनुभएको छ।

८. अर्को गुण, जाँड-रक्सी नखाने हुनुपर्छ। जँड्याहा पास्टर, एल्डर वा बिसप हुन सक्दैन। जँड्याहाको कुरा अरूले विश्वास पनि गर्दैन। परमेश्वरको पवित्र र महत्वपूर्ण काम जाँड-रक्सी खानेले गर्न सक्दैन। हितोपदेश २०:१ मा भन्छ, "मद्य घृणित वस्तु हो र कडा मद्यले होहल्ला मचाउँछ, त्यसमा लत बस्ने कोही पनि बुद्धिमानी हुँदैन।" जाँड रक्सी खानेहरू अलि-अलि भन्दै मात्तिएर जथाभावी जे मुखमा आयो त्यही बोल्दै हिँड्छन्। पास्टर, एल्डर वा बिसपको काम गर्नेहरूले जाँड-रक्सी त छुन पनि हुँदैन।

९. झगडा नगर्ने हुनुपर्छ। पास्टर, एल्डर वा बिसप अरूहरूलाई त मेलमिलाप गराउनेहरू झन आफैं झगडा गरी हिँड्छ भने कसरी अगुवा हुन सक्छ र? झगडामा मारपिट हुन सक्छ। अगुवाले त प्रेममा, नम्रतापूर्वक व्यवहार गर्ने हुनुपर्छ। झगडा गर्ने, झट्ट रिसाउनेहरू पास्टर, एल्डर वा बिसपको अगुवा काम गर्न सक्दैन।

१०. अरूलाई भलाई गर्ने हुनुपर्छ। अरूको वास्ता गर्ने, अरूलाई प्राथमिकता दिने, अरूको उन्नति खोज्ने र चाहने हुनुपर्छ। यस विपरीत अरूलाई बिगार्ने, तल झार्ने हुनुहुँदैन।

११. अरूको विरोध नगर्ने हुनुपर्छ। राजनैतिक क्षेत्रमा अगुवा वा नेता भन्नु नै अरूको विरोध गर्न सिपालु हुन्छ। ख्रीष्टियन अगुवापन संसारको नेताहरूको ठिक विपरीत छ। अरूहरूको विरोधको सट्टामा असल बोल्ने र सकारात्मक कुरा गर्ने हुनुपर्छ। तर त्यसो भन्दैमा खराब र नराम्रो कुरा पनि छोप्ने भनेको होइन। कसैको नराम्रो कुरा, काममा दोष छन् भने सच्याउनको निम्ति देखाइ दिनुपर्छ। अर्को, अगुवाले भुल स्वीकार गरी आफूलाई स्वीकार गर्छ भने उसको सेवकाइमा, जीवनमा आशिष् मिल्छ।

१२. रूपैंया पैसाको लोभ नगर्ने हुनुपर्छ। १ तिमोथी ६:५; तितस १:११; १ पत्रुस ५:२ खण्डहरूमा पनि अगुवाहरूलाई चेतावनी दिएको छ र सतर्क गराएको छ। पैसाको लोभले धेरैको सेवकाइ पतन भएको छ। पैसाको कारणले मण्डलीमा झगडा, फुट र गुटबन्दी आदि पनि हुन्छ। पैसाको क्षेत्रमा पास्टर, एल्डर वा बिसप होसियारी हुनुपर्छ।

१३. आफ्नो घर राम्रोसँग चलाउन सक्ने हुनुपर्छ। पावलले उहाँ "घर चलाउने" कुरा गर्दा विशेष "छोराछोरीलाई" ठिकसँग तह लगाउनुपर्ने वा ठिक नैतिक अनुशासनमा राखेको हुनुपर्ने बुझाएको छ। एक जना एल्डर, बिसप र पास्टरको एउटा मुख्य गुण मण्डली ठूलो परिवार चलाउन आफ्नो सानो परिवार ठिक चलाएको हुनुपर्छ। अगुवाको यो परिवार श्रीमती, छोरा-छोरीहरू, अरूहरूको निम्ति एक उदाहरणको घर परिवार हुनुपर्छ। परिवार चलाउन नसक्ने वा नचलाउनेले मण्डली चलाउन सक्दैन किनकी मण्डली पनि एक झन् ठूलो परिवार जस्तै हो, जहाँ अनेकौं किसिमका मण्डली सदस्यहरू हुन्छन्। भिन्दाभिन्दै व्यक्तिलाई भिन्दाभिन्दै किसिमले व्यवहार गर्नुपर्ने हुन्छ।

तपाईंको घर परिवार-श्रीमती, छोराछोरीको व्यवहार कस्तो छ ? तपाईंको पास्टर, एल्डर वा बिसप वा अगुवाको घर परिवार श्रीमती, छोराछोरीको जीवन व्यवहार कस्ता छन् ? के अगुवा बन्न योग्यका छन् ? के छोराछोरीले, श्रीमतीले, पास्टर, एल्डर वा बिसपलाई आदर गर्छन् ? के उनीहरूले बुबाले भनेको कुरा मान्छन् ? बाबुको अगुवापन, अधिकारलाई परिवारले के त स्वीकार गर्छ ?

पावलले यहाँ एउटा जाँचबुझ गर्नुपर्ने, सोच्नुपर्ने कुरालाई ल्याएको छ । पावलले घर चलाउनेसँग मण्डली चलाउने तुलना गरेको छ । घर परिवार राम्रो छ र सफल छ भने मण्डली परिवार पनि राम्रो र सफल हुन्छ । तर घरपरिवार बिग्रेको छ भने मण्डली पनि बिग्रोको छ र आत्मिक उन्नति हुँदैन । किनभने घरपरिवार चलाउने र मण्डली परिवार चलाउनु एकै एकै खुबी र तरिकाहरू हुन्छन् ।

१४. परिपक्व व्यक्ति हुनुपर्छ । सिकारु होइनन् अथवा नयाँ विश्वासीलाई पास्टर, एल्डर वा बिसप बनाउनुहुँदैन । किनभने छिटोछिटो अगुवापन पाएकोले घमण्डले फुल्छ र शैतानले पतन गराउँछ । पुरानो, अनुभवी, विश्वासी पास्टर, एल्डर, बिसपको कामका लागि छान्नुपर्छ । नयाँ मानिसमा ख्रीष्टियन जीवन, व्यवहार, शिक्षाको अनुभव हुँदैन । त्यसकारण उसले अगुवाको काम गर्न सक्दैन ।

१५. मण्डली बाहिरकाहरूबाट असल नाम पाएको हुनुपर्छ । अथवा बाहिरका मानिसहरू (गैर ख्रीष्टियनहरू) बाट पनि राम्रो भनेर हेरेको हुनुपर्छ । पास्टर, एल्डर वा बिसप मण्डलीको एक प्रतिनिधि हो । अगुवाको कारणले सम्पूर्ण मण्डली विश्वासीहरू पनि मुछिन्छन् । शैतानले कुनै एक न एक कुराको निहु वा दोष मात्र खोजिरहेको हुन्छ । जब त्यो कुरा पाउँछ त्यसलाई ठूलो कुरा (Issue) बनाइदिन्छ । परमेश्वरको काममा शैतानले बाधा ल्याउँछ । त्यसकारण पास्टर, एल्डर वा बिसप बन्ने व्यक्ति बाहिर समाजमा पनि असल राम्रो नाम चलेको हुनुपर्छ ।

के तपाईंसँग यी माथिका १५ वटा गुणहरू (वा चरित्रहरू) छन् ? छन् भने मात्र तपाईं पास्टर, एल्डर वा बिसपको काम गर्न इच्छा गर्नु असल राम्रो हुन्छ । यदि ती गुणहरू वा चरित्रहरू तपाईंमा छैन भने पास्टर, एल्डर वा बिसपको काम गर्ने धोको छोडिदिनुहोस् ।

## II. डिकनहरूको गुण (पद ८–१३) Qualification of Deacons (v. 8-13)

यहाँ पावलले भन्दछन् कि “त्यसैगरी डिकनहरू पनि” माथिका गुणहरू साथै तल थपेका गुणहरूले भरेको हुनुपर्छ । डिकनहरू पनि गम्भीर हुनुपर्छ । पावलले केही गुणहरू थपेका छन् । डिकनहरू पास्टर, एल्डर वा बिसपहरूको कामभन्दा अलि फरक भए पनि मण्डलीका अगुवा-सेवकहरू हुन् । पास्टर, एल्डरको रेखदेख

डिकनहरूले नम्र भएर मण्डलीको मानिसहरूको भौतिक काममा सहायता गर्नुपर्छ। ग्रिक भाषामा डियाकोनोस (Diakonos) को अर्थ नम्र सेवक वा नम्र नोकर हो। प्रेरित ६:१-६ मा भने जस्तै डिकनको काम मण्डलीको र मण्डलीका मानिसहरूको हेरचाह र सहायता गर्ने काम हो। "मेच र टेबलको सेवा" भन्नुको अर्थ भौतिक काम कुराहरू भनेको हो।

डिकनको गुण वा योग्यताहरू पास्टर, एल्डर वा बिसपको भन्दा फरक छैन। खाली यति मात्र फरक कि प्रचार र सिकाउने काम डिकनले गर्नु पर्दैन। सिकाउन सिपालु नभए पनि अरू गुणहरू सबै हुनुपर्छ। केही थप गुणहरू यसप्रकार छन्।

१. दुई जिब्रे हुनु हुँदैन। दुई जिब्रे भन्नुको अर्थ दुई-तीन थरीको कुरा गर्नु हो। दोहोरो मनबाट दुई जिब्रे कुरा निस्कन्छ। अरूको वकवास गर्नु, कुरा काट्नु, चाप्लुसी गर्नु जस्तोलाई दुई जिब्रे भनिन्छ। डिकन बोलीको "हो" लाई "हो" र "होइन" लाई "होइन" हुनुपर्छ। समय-समयमा कुरा फेर्नुहुँदैन। बोलेअनुसार काम व्यवहार पनि हुनुपर्छ।

२. जाँडरक्सी नखाने हुनुपर्छ। माथि पास्टर, एल्डर वा बिसपको गुणमा यसबारे हेर्न सक्नुहुन्छ। जाँड-रक्सी खाने मानिस धेरै किसिमको परीक्षामा पर्दछ। आफ्नो इज्जत रहँदैन।

३. पैसाको लोभी हुनु हुँदैन। अरूलाई झन् दिनुपर्छ र सेवा गर्नुपर्छ भने झन् पैसाको लोभ गऱ्यो भने काम गर्न सक्दैन। माथिका पास्टर, एल्डर र बिसपको गुणहरूमा हेर्नुहोस्।

४. विश्वासको सत्यता शुद्ध विवेकमा थामिराख्नुपर्छ। डिकन एक आत्मिक गहिराइमा पुगेको हुन्छ। परमेश्वरको वचन, बाइबलीय शिक्षा-सिद्धान्त राम्रोसँग बुझेर मनमा सधैं राख्ने हुनुपर्छ। आफ्नो विश्वासमा स्थिर हुनुपर्छ। एउटा कुरा विश्वास गर्छु भनेर अर्को व्यवहार गर्नु भएन।

५. निष्कलङ्क हुनुपर्छ। निष्कलङ्क पनि निर्दोष हुनु हो। माथि पास्टरीय गुणमा हामीले भनिसक्यौं।

पावलले यहाँ भन्छन् कि डिकनमा छान्नुभन्दा अगाडि यी सबै कुराको जाँच गर्नुपर्छ र डिकन हुने व्यक्तिले यी चरित्र वा गुणहरू आफ्नो जीवनमा प्रमाण गरेको हुनुपर्छ। यदि कसैले कुनै कुरामा त्यो व्यक्तिलाई दोष लाउन सक्दैन

भने त्यो व्यक्ति डिकनको पदका लागि योग्य ठहरिन्छ । तपाईं आफैं पढ्नुहोस् १ कोरिन्थी १:८; कलस्सी १:२२; तितस १:६-७ सम्म ।

पद ११ मा पावलले भन्दछन् कि स्त्रीहरू अथवा डिकनहरूका श्रीमतीहरू पनि यही मालिक अथवा यहीअनुसार गम्भीर हुनुपर्छ । डिकनको श्रीमती डिकनको सुहाउँदो हुनुपर्छ । नत्र भने डिकन डिकनको पदमा मण्डलीमा रहन सक्दैन । किनभने योग्यताको कुरामा परिवार राम्रोसँग चलाउन सक्ने हुनपर्छ । डिकनको श्रीमती पनि डिकनको गुण र चरित्र भएको हुनुपर्छ ।

यहाँ स्त्रीहरू भनेको मण्डलीको साधारण दिदीबहिनीहरूलाई भनेको होइन । यहाँ पावलले भनेको स्त्रीहरू अवश्य पनि डिकनका श्रीमतीहरू हुनुपर्छ (पहिलो प्राथमिकतामा) अर्को कुरा कि स्त्रीहरू डिकनेसहरू-स्त्री डिकनहरू हुनुपर्छ (दोस्रो) ।

६. डिकनहरू एउटै स्त्रीको पति हुनुपर्छ ।

७. डिकनहरू आफ्ना छोरा-छोरीहरू र आफ्नो घरको प्रबन्ध मिलाउन सक्ने हुनुपर्छ । (पद १२) ।

डिकनहरू हेर्दा साधारण अरू मानिस जस्तो भए पनि प्रभुको देहको सेवक हुन् । यो एउटा मर्यादाको दर्जा हो । परमेश्वरले दिनुभएको उहाँको सेवकको पद हो । यो पदको मान्यता, आदर, इज्जत आफ्नो जीवन चरित्रहरू र गुणहरूले र असल सेवाले नै दिँदछ अथवा मिल्दछ । यो परमेश्वरको सेवा र उहाँको जनहरूको सेवा गर्न पाउनु एउटा ठूलो सौभाग्य भनेर ठान्नु पर्‍यो र जान्नु पर्‍यो । अनि मात्र सेवकाइमा आनन्द आउँछ र आफ्नो जीवन चरित्र र गुणहरू पनि सधैं कायमै राखी राख्न प्रयत्न पनि गरिरहन्छ ।

**निष्कर्ष (Conclusion)**

बिसप, पास्टर, एल्डर र डिकन हुन इच्छा गर्नु एकदम राम्रो कुरा हो । तर यी पदलाई सुहाउने र चाहिने गुणहरू पनि हुन आवश्यक छ, नत्रभने यी पदहरूमा रहेर काम गर्न सक्दैन । अयोग्य व्यक्तिहरूले काम गर्न पनि हुँदैन । किनकि अगुवा एक नमुना (Model), उदाहरणीय पनि हुनुपर्छ । नत्रभने अरूलाई सिकाउन, अगुवाइ गर्न सक्दैन ।

# BOOK POST

पाउने:
To:

क्वाइनोनिया
**KOINONIA**
पो.ब.नं. २४१५, काठमाडौं, नेपाल ।
P.O. Box No. 2415, Kathmandu, Nepal.